**रोशी गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः९ भाग-१ मितिः२०८२/०९/२०

**भाग-१**

**रोशी गाउँपालिका**

नेपालको संविधानको धारा २२६ बमोजिम रोशी गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८२ सालको ऐन नं. ०१

## रोशी गाउँपालिकाको कर्मचारी स्थायी गर्ने सम्बन्धी (विशेष) ऐन, २०८२

**प्रस्तावनाः** साविकको स्थानीय निकाय (जिल्ला विकास समिति/गाउँ विकास समिति) मा बिक्रम सम्वत् २०६४ साल असोज मसान्त सम्ममा अस्थायी/करार

सेवामा नियुक्त भई कर्मचारी समायोजनका बखत रोशी गाउँपालिकामा समायोजन भई कार्यरत रहेका कर्मचारीहरुलाई सम्मानित सर्वोच्च अदालतको फैसला र उच्च अदालत पाटनको परमादेश बमोजिम तत् तत् पदमा आन्तरिक प्रतियोगिताको माध्यमबाट स्थायी गर्न कानूनी व्यवस्थाको प्रबन्ध गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (ङ) बमोजिम यस रोशी गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी (विशेष) ऐन, २०८२ जारी गरिएको छ।

## परिच्छेद – १

१. **संछिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम रोशी गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी (विशेष) ऐन, २०८२ रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,यस ऐनमा

(क) "अविच्छिन्न रुपमा कार्यरत कर्मचारी" भन्नाले सम्वत् २०६४ साल असोज मसान्तसम्म साविक स्थानीय निकाय (जिल्ला विकास समिति/गाउँ विकास समित) को स्वीकृत दरबन्दीमा अस्थायी/करार सेवामा नियुक्त भई अविच्छिन्न रुपमा कार्यरत रहेका कर्मचारी सम्झनु पर्दछ।

(ख) "अध्यक्ष" भन्नाले रोशी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) "ऐन" भन्नाले रोशी गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी (विशेष) ऐन, २०८२ सम्झनु पर्दछ।

(घ) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति/गाउँ विकास समित) मा सम्वत् २०६४ साल असोज मसान्तसम्म नियुक्त भई यो ऐन जारी हुँदाका बखतसम्म रोशी गाउँपालिकामा कार्यरत रहेका कर्मचारी सम्झनु पर्दछ।

(ङ) "गाउँपकालिका" भन्नाले रोशी गाउँपालिकालाई सम्झनु पर्दछ।

(च) "कार्यपालिका" भन्नाले रोशी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ज) "सभा" भन्नाले संविधानको धारा २२३ वमोजिम गठित रोशी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

(झ) "समिति" भन्नाले दफा ३ को उपदफा (२) वमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

(ञ) साविक स्थानीय निकाय" भन्नाले काभ्रेपलाञ्चोक जिल्ला भित्रका जिल्ला विकास समिति, गाउँ विकास समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद – २

## विशेष पदपूर्ति र तह मिलान सम्बन्धी व्यवस्थाः

**३. अदालतको आदेश कार्यान्वयनः** (१) गाउँपालिकाले सम्मानित श्री सर्वोच्च अदालत, संवैधानिक ईजलासको मिति २०७४।०९।२१ गते ऋचा उप्रेती विरुद्ध मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को

कार्यालय समेत, विषयः उत्प्रेषण, ०६९-WS-००६१ मा भएको आदेश र मिति २०८२ असार ४ को उच्च अदालत, पाटनको रोशी गाउँपालिका तथा ऐ ऐ गाउँ कार्यपालिकाको कार्यालय, अमलटार, काभ्रेपलाञ्चोकको नाममा भएको परमादेश ०८१-wo-२०५९ बमोजिम सम्वत् २०६४ साल असोज मसान्तसम्म तत्कालीन स्थानीय निकायमा नियुक्त भई हाल रोशी गाउँपालिकामा अस्थायी/करार सेवामा समायोजन भई सोही पदमा हालसम्म अविच्छिन्न रुपमा कार्यरत कर्मचारीहरुको सीमित प्रतियोगिताबाट स्थायी गर्नेछ । विशेष प्रतियोगिता सम्बन्धी कार्य ऐन सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिले बढीमा ६ महिना भित्र सम्पन्न गरिनेछ ।

(२) उपदफा (१) को कार्य गर्न देहाय वमोजिमको पदपूर्ति समिति रहनेछः

(क) कुनै राजनीतिक दलको सदस्यता नलिएको, कम्तिमा स्नातक भई प्रशासनिक वा न्यायिक वा शैक्षिक क्षेत्रमा रा.प. द्वितिय श्रेणी वा सो सरहको पदमा कम्तिमा सात (७) वर्ष काम गरेको अनुभव प्राप्त गरी सेवा निवृत्त भएका नेपाली नागरिक मध्येबाट गाउँ सभाले तोकीदिएको व्यक्ति – अध्यक्ष

(ख) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ग) प्रदेश लोकसेवा आयोगको प्रतिनिधि – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्रशासन अन्तर्गतको अधिकृतस्तरको प्रतिनिधि – सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(३) पदपूर्ति समितिमा आवश्यक्ता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (१) वमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ।

४. **पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः** (१) सम्मानित सर्वोच्च आदलतको फैसला वमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीको पदमा सम्वत् २०६४ साल असोज मसान्तसम्म नियुक्त भई यो ऐन प्रारम्भ हुँदाका बखतसम्म अविच्छिन्न रुपमा सोही दरबन्दीमा कार्यरत कर्मचारीको न्यूनतम शैक्षिक योग्यता पुगेका स्वीकृत दरबन्दीमा कार्यरत सम्बन्धित कर्मचारीहरुको आन्तरिक सीमित प्रतिस्पर्धा गरी सोही पदमा एकपटकका लागि स्थायी पदपूर्ति गरिनेछ। तत्कालीन समयमा नियुक्ति हुँदा नेपाल सरकारको राजपत्र अनङ्कित प्रथम श्रेणी समकक्षताको आधारमा पाँचौ तहमा नियुक्त पाएका कर्मचारीहरुको हकमा पाँचौ तह र राजपत्र अनङ्कित द्वितीय श्रेणी चौंथो तहमा नियुक्ति पाएका कर्मचारीहरुको हकमा चौंथो तह कायम गरी स्थायी प्रक्रियामा समावेश गरिनेछ।

(२) दफा (३) वमोजिमको समितिले आफ्नो कार्य सम्पादनको लागि अन्य सरकारी कार्यालयहरुसँग सहयोग लिन सक्नेछ।

५. **तह मिलान तथा समायोजनः** यो ऐन वमोजिम स्थायी भएका कर्मचारीहरुको तह स्वतः मिलान तथा समायोजन हुनेछ। तह मिलान तथा समायोजन प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

६. **पहिलेको सेवा अवधिको गणना तथा बढुवाः** स्थानीय निकायको स्वीकृत दरबन्दीको कुनै पदमा सम्वत् २०६४ असोज मसान्तभित्र नियुक्त भई अविच्छिन्न रुपमा सेवा गरेका कुनै कर्मचारीले सो सेवालाई अविच्छिन्न राखी सोही पदमा स्थायी नियुक्त पाएको भए साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सर्वोच्च अदालतको आदेश बमोजिम उपदान तथा नोकरीको ज्येष्ठता प्रयोजनका लागि निजले गरेको सेवा अधिकृत स्तरमा भए छैसठ्ठी प्रतिशत र सहायक स्तरमा भए पचहत्तर प्रतिशत गणना गरिनेछ।

## परिच्छेद – ३

## विविध

७. **पदपूर्ति गर्न नहुनेः** यो ऐन वमोजिम तह मिलान भई रिक्त हुने तल्लो पदमा गाउँपालिकाको संगठन तथा व्यस्थापन सर्वेक्षण गरी पद मिलान नहुँदासम्म त्यसरी रिक्त हुने पदमा कुनै पनि प्रक्रियाबाट पदपूर्ति गर्न पाईने छैन।

८. **निर्देशन दिन सक्नेः** यो ऐन वमोजिम तोकिएको जिम्मेवारी सम्पन्न गर्न अध्यक्षले पदपूर्ति समितिलाई निर्देशन दिन सक्नेछन।

९. **खारेजीः** यो ऐनमा भएका प्रावधानहरु  एकपटक कार्यान्वयन भएपछि स्वतः निष्कृय हुनेछन्।

आज्ञाले
टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत